लिमाटी गाउँपालिका

# स्थानीय राजपत्र

रामपुर सल्यान

कर्णाली प्रदेश नेपाल

खरको छाना विस्थापित कार्यान्वयन कार्यविधि २०७७

प्रकाशित मिति २०७७/०८/२०

प्रस्तावना –

गाउँपालिका तथा नगरपालिकाको अधिकार क्षेत्रभित्र पर्ने विषयसँग सम्बन्धित योजना कार्यक्रम तथा आयोजना सम्बन्धी प्रस्तावको खरको छाना विस्थापित सम्बन्धी अध्ययन प्रतिवेदन तयार स्वीकृति प्रस्ताव कार्यान्वयन तथा अनुगमन प्रक्रियालाई व्यवस्थित र प्रभावकारी बनाउन वाञ्छनीय भएकाले गाउँ कार्यपालिकाले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि बनाइएको छ ।

## परिच्छेद – १

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ-

क. यस कार्यविधिको नाम खरको छाना विस्थापित कार्यन्वयन कार्यविधि २०७७ रहेको छ ।

ख. यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा- विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क. कार्यालय भन्नाले गाउँ कार्यपालिकाको कार्यालय र सो अन्तर्गत खरको छाना विस्थापित व्यवस्थापन सम्बन्धी विषय हेर्ने शाखा वा इकाई सम्झनुपर्छ ।

ख. कार्यापालिका भन्नाले गाउँ कार्यपालिका सम्झनु पर्छ ।

ग. गाउँपालिका भन्नाले कालिमाटी गाउँपालिका सम्झनु पर्छ ।

घ. लक्षित वर्ग भन्नाले दफा ३ बमोजिम पहिचान भएका गरिवीको रेखामुनि रहेका पराल वा खरको छाना भएका घरपरिवार र प्रकोपका कारण घरवार विहीन भएका परिवार सम्झनुपर्छ ।

ङ. खरको छाना विस्थापित भन्नाले आगलागी तथा हावा पानी थेग्न सक्ने गरी निर्माण गरिएका काठ ईट्टा ढुङ्गा वा ब्लक आदिको गारो भई पराल खर बाहेकका छानायुक्त आवासीय भवन सम्झनु पर्छ ।

## परिच्छेद – २

## लक्षित वर्गको पहिचान र छनौटका आधार

३. लक्षित वर्गको पहिचान – लक्षित वर्गको पहिचान देहाय बमोजिमको आधारमा गरिनेछ ।

क. लाभग्राही बसोबास गर्दै आएको घरको छाना पराल खर स्याउला यस्तै प्रकृतिका आगो पानी तथा हरीबाट सहजै प्रभावित हुन सक्ने अन्य सामाग्रीबाट छाएको ।

ख. गरिबीको रेखामुनी रहेका आफैंले सुरक्षित आवास निर्माण गर्न चाहेको तथा निर्माण गरिरहेको घरपरिवार

ग. जग्गाधनी प्रमाण पूर्जा वा घर जग्गाको तिरो वा शुल्क बुझाएको प्रमाण वा विजुली धारा वा अन्य सुविधा शुल्क बुझाएको प्रमाण

घ. विगतदेखि सो स्थानमा स्थायी बसोबास गर्दै आएको प्रमाण

ङ. प्रकोपका कारण घरवारविहीन भएको हकमा गाउँपालिका विपद् व्यवस्थापन समितिको सिफारिस

च. गरिवीको रेखामुनि रहेका लाभग्राहीको सम्बन्धमा वडाको सिफारिस ।

४. लाभग्राहीको छनौटको आधार तथा विधि – गाउँपालिकाको समन्वयमा लाभग्राही छनौट गर्ने प्रयोजनको लागि लाभग्राहीले हाल प्रयोग गरिरहेको घरको क्षेत्रफल गारो आदिको आधारमा अनुसूचि-१ बमोजिम अंक प्रदान गरी प्राथमिकता क्रम सहित लाभग्राहीको सूची तयार गरी खरको छाना विस्थापित समन्वय समितिमा पेश गर्नुपर्ने छ ।

५. लाभग्राही छनौट गर्दा बृद्ध एकल महिला विपन्न परिवार अनाथ बालबालिका तथा अपाङ्गता भएका घरमुलीलाई

प्राथमिकता दिइनेछ । त्यसैगरी प्रकोपका कारण घरवारविहीन भएका परिवारले आवास निर्माण गर्न चाहेमा त्यस्तो परिवारलाई समेत प्राथमिकता दिईनेछ ।

६. बढी अंक प्राप्त गर्नेलाई खरको छाना विस्थापित समन्वय समितिले क्रमैसँग लाभग्राहीको रुपमा छनौट गर्नेछ ।

७. लाभग्राही छनौट गर्दा सगोलमा रहेका परिवारले एउटा आवासको लागि मात्र अनुदान रकम पाउने गरी छनौट गर्नुपर्नेछ ।

## परिच्छेद – ३

## अनुदान रकम तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी व्यवस्था

५. अनुदान सम्झौता र वित्तीय प्रबन्ध

क. कार्यक्रम संचालन गर्न आवश्यक पर्ने खर्च कालिमाटी गाउँपालिका लेखा शाखासँग निकासा माग गरी व्यवस्थापन गर्नेछ ।

ख. छनौट भएका लाभग्राहीले कालिमाटी गाउँपालिकाले सिफारिस गरेको बैङ्कमा खाता खोल्नु पर्नेछ र यसरी खोलिएको खातामा स्थानीय तहले अनुदान सम्झौता भई सकेका लाभग्राहीलाई जस्तापाता काठ लगायतको निर्माण सामाग्री खरिद गर्न अनुदान वापतको रकम दुई किस्तामा उपलब्ध गराउनेछ ।

ग. अनुदान उपलब्ध गराउँदा कालिमाटी गाउँपालिसँग सम्झौता भएपछि पहिलो किस्ता वापत साठी

प्रतिशत रकम उपलब्ध गराइनेछ र लाभग्राहीले सो रकम जस्तापाता र काठ लगायतको सामाग्री खरिद गरी निर्माण कार्य अघि बढाउनको लागि खर्च गर्नु पर्नेछ ।

घ. पहिलो किस्ताको रकमबाट जस्तापाता र काठ लगायतको सामाग्री खरिद गरी निर्माण कार्य सम्पन्न भएको भनी गाउँपालिकाको प्राविधिकबाट अनुसूची– ३ बमोजिमको प्राविधिक प्रतिवेदन सहितको सिफारिसको आधारमा गाउँपालिकाबाट लाभग्राहीलाई दोस्रो तथा अन्तिम किस्ता वापत चालिस प्रतिशत अनुदान रकम उपलब्ध गराइने छ ।

६. अनुदान रकम असुल उपर गराइने

कुनै ब्यक्तिले झुठा विवरण पेश गरी अनुदान रकम लिएको पाइएमा वा जुन प्रयोजनका लागि अनुदान रकम उपलब्ध गराइएको हो सोही प्रयोजनमा खर्च नगरी अन्य प्रयोजनमा खर्च गरेको पाइमा वा किस्ता बमोजिमको गर्नुपर्ने कार्य प्रगति अनुदान उपलब्ध गराइएको मितिले तीन महिना भित्र नगरेमा लाभग्राहीबाट अनुदान रकम कालिमाटी गाउँपालिकाले असुल उपर गर्नेछ ।

७. निर्माण सम्पन्न भएको मानिने- स्थानीय तहको प्राविधिकबाट अनुसूची-३ बमोजिम प्रतिवेदन पेश भई स्थानीय तहले प्रमाणित गरेपछि निर्माण कार्य सम्पन्न भएको मानिनेछ ।

## परिच्छेद-४
## कार्यक्रम कार्यान्वयन गर्ने निकायहरु

८. गाउँपालिकाको काम कर्तव्य र अधिकार – यो कार्यविधि कार्यान्वयन गर्ने सन्दर्भमा गाउँपालिकाको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क. गाउँपालिका खरको छाना विस्थापित समितिको बैठकको लागि आवश्यक ब्यवस्था गर्ने

ख. कार्यक्रम कार्यान्वयन गर्ने सिलसिलामा आइपरेका समस्याहरु समाधान गर्ने र यस कार्यविधिमा परिमार्जन तथा संशोधन गर्नु परेमा आवश्यक तयारी गरी स्वीकृतिको लगि पेश गर्ने ।

ग. कार्यक्रम कार्यान्वयनका लागि आवश्यक नीति तर्जुमा गर्ने तथा बजेट व्यवस्थाको लागि आवश्यक समन्वय गर्ने ।

घ. कार्यक्रम अनुगमन मूल्याङ्कन गरी आवश्यक निर्देशन दिने ।

९. खरको छाना विस्थापित समन्वय समितिको काम कर्तव्य र अधिकार – खरको छाना विस्थापित समन्वय समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ

क. लाभग्राहीहरुको गुनासोहरुको व्यवस्था गर्ने ।

ख. कार्यक्रम कार्यान्वयनमा देखापरेका समस्या समाधान गर्ने ।

ग. कार्यक्रमको कार्यान्वयन सम्बन्धमा अनुगमन गर्ने ।

घ. स्थलगत अध्ययन गरी कार्यक्रम कार्यान्वयनको प्रगति विवरण कार्यपालिकामा पेश गर्ने ।

ङ. आवश्यक बजेटको खाका तयार पारी गाउँ कार्यापालिकामा पेश गर्ने ।

च. लाभग्राहीको विवरण माग गर्न वडामा जानकारी गराउने ।

छ. कार्यक्रम कार्यान्वयनको सन्दर्भमा कुनै विवाद उत्पन्न भएमा समिति मार्फत कार्यापालिकामा पेश गर्ने र कार्यपालिकाले गरेको निर्णयलाई अन्तिमा मानिनेछ ।

१०. खरको छाना विस्थापित कार्यक्रमको समिति गठन सम्बन्धी प्रक्रिया ।

कालिमाटी गाउँपालिका खरको छाना विस्थापित कार्यविधि २०७७ को कार्यक्रम कार्यान्वयनको लागि कालिमाटी गाउँपालिका स्तरमा देहाय बमोजिमको एक खरको छाना विस्थापित समन्वय समिति रहनेछ –

क. कालिमाटी गाउँपालिका अध्यक्ष – संयोजक

ख. कालिमाटी गाउँपालिका उपाध्यक्ष - सदस्य

ग. कालिमाटी गाउँपालिका प्र.प्र.अ. - सदस्य

घ. सम्बन्धित वडाका वडा अध्यक्ष - सदस्य

ङ. कालिमाटी गाउँपालिका योजना शाखा -सदस्य सचिव

## अनुसूची १

(दफा ४ लाभग्राहीहरुको छनौटका आधारहरु

| क्र. सं. | विवरण | दिइने अंक | कैफियत |
|---|---|---|---|
| १ | हाल प्रयोगमा रहेको घरको क्षेत्रफल, प्रतिव्यक्ति वर्गफिटमा | ३० भन्दा कमलाई १०<br>३० देखि ६० सम्म ५<br>६० भन्दा बढी ० | |
| २ | घरको गारो | बाँस, चिरपट कप्टेरो आदि वा त्यसमा पराल/स्वाउलाको टाटी-१०<br>नमिलेको ढुङ्गाको गारो, बाँस, कप्टेरो, भकारी आदिमा माटोले पातेको तथा काठ/फल्याक, काँचो इटामा माटोको जोर्नी-५<br>मिलेको ढुङ्गाको गारो तथा पाकेका इटामा माटो/सिमेन्टका जोर्नी ० | ५० प्रतिशत सम्ममा जेछ त्यसैलाई मान्ने |
| ३ | घरको छानो | फुस, आसवेटस, स्याउला, प्लाष्टिक सीट आदि १०<br>खपडा, टायल ५<br>ढलान, कर्कट पाता ० | आसवेटस छाना स्वास्थ्यको लागि हानिकारक छ। |
| ४ | जग्गाको स्वामित्व | लालपूर्जा भएको वा गाउँब्लक (स्वामित्व पाउन सकिने) वा स्थानीय तहको सिफारिस (स्ववासी र विवाद रहित) १०<br>नदी/ताल किनारामा बसोबास गरेको ० | |
| ५ | घरमुलीको हकमा | अति विपन्न, असहाय, असक्त, बृद्धबृद्धा, अनाथ बालबालिका, एकल महिलाजस्ता घरमूली लाभग्राही भएका १०<br>अन्य ० | |

नोटः (१) ढलान र जस्तापाताले छाएको छाना भएको आवास धनी घरपरिवारलाई यस कार्यविधि अन्तर्गत लाभग्राहीको रुपमा समावेश गरिने छैन।

(२) प्रकोपका कारण घरवार बिहिन भएका घरपरिवारलाई पहिलो प्राथमिकतामा राखिनेछ।

(३) गरिबीको रेखामुनी रहेका आफैले सुरक्षित आवास निर्माण गरिरहेको हकमा उपरोक्त अनुसूची बमोजिम मूल्याङ्कन गरिने छैन।

अनुसूची २
(दफा ५ संग सम्बन्धित)
खरको छाना विस्थापितको लागि लाभग्राहीसंग गरिने अनुदान
सम्झौता पत्र (छाना छाउने)

| | |
|---|---|
| सर्वेक्षण घरधनी क्रमसंख्या | |
| सम्झौता क्रमाङ्क संख्या | |

पराल तथा खरको छाना भएको घर परिवारलाई जस्तापाताको छानामुनि ल्याउने गरी लागि.........................जिल्ला.........................गा.पा. वडा नं. ...........गाउँ/टोलको लाभग्राही श्री...................................................... ( यसपछि प्रथम पक्ष भनिने) र ..........................गाउँ कार्यपालिकाको कार्यालय ( यस पछि दोस्रो पक्ष भनिने) बीच देहाय बमोजिमका शर्तहरुको अधिनमा रही गाउँपालिकाले तोकेको मापदण्ड बमोजिम सुरक्षित छाना निर्माण गर्न गराउन मिति २०७७ साल......... महिना............गतेका दिन यो अनुदान सम्झौता पत्रमा सही छाप दस्तखत गरेका छौं । .............................बस्ने श्री.............................को नाति/नातिनी/बुहारी श्री...........................................को छोरा/छोरी/श्रीमती वर्ष .......

प्रथम पक्ष (लाभग्राही) ले मञ्जुर गरेका शर्तहरु:

१. मेरो घर पराल तथा खरको छाना रहेको ठीक साँचो हो । मैले मेरो घर पराल तथा खरको छाना रहेकोले खरको छाना विस्थापित कार्यविधि २०७७ एवं सम्झौता पत्रमा उल्लेखित शर्त अनुरुप बनाउनेछु ।
२. निर्माण सामग्रीको खरिद गर्ने तथा डकर्मी, सिकर्मी, प्लम्बर, इलेक्ट्रिसियन र अनय निमार्ण कार्य गर्ने निर्माणकर्मी तथा श्रमिक जुटाउने एवं काममा लगाउने जिम्मेवारी मेरो हुनेछ ।
३. मैले प्राप्त गर्ने खरको छाना विस्थापित अनुदान रकम घरको छानाका लागि आवश्यक सामग्री जस्तापाता, सहुलियत दरको काठ लगायतका सामाग्रीहरुका लागि मात्र खर्च गर्नेछु ।
४. मैले तोकिएको बैंकमा खोलिएको खातामार्फत अनुदान रकम रु. ................... (अक्षरुपी.............................................) मात्र प्राप्त गर्नेछु ।
५. मैले पहिलो किस्ता वापत ६०% रकम प्राप्त गर्नेछु । सो रकम जस्तापाता र सहुलियत दरको काठ लगायतको सामग्री खरिद गरी निर्माण कार्य अघि बढाउनको लागि खर्च गर्नेछु ।
६. मैले पहिलो किस्ताको रकमबाट जस्तापाता र काठ लगायतको निर्माण सामग्री खरिद गरी निर्माण कार्य सम्पन्न भई प्राविधिक प्रतिवेदन प्राप्त भई आएपछि दोस्रो तथा अन्तिम किस्ता वापत ४०% रकम प्राप्त गर्नेछु ।

७. माथि उल्लेखित व्यहोरा ठिक साँचो हो । झुठ्ठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

दोस्रो पक्ष.........................गाउँपालिकाको कार्यालय) ले मञ्जुर गरेका शर्तहरु

प्रथम पक्षबाट उल्लेखित शर्तहरु पुरा भएको अवस्थामा निम्न अनुसारको सुरक्षित नागरिक आवास निर्माण अनुदान दोस्रो पक्षले बैंक मार्फत उपलब्ध गराउनेछ ।

प्रथम पक्ष (लाभग्राही)

(क) लाभग्राहीको व्यक्तिगत विवरण

लाभग्राहीको नाम, थर (अंग्रेजीमा)..............................................................
लाभग्राहीको नाम, थर (नेपालीमा)..............................................................
नागरिकतामा उल्लेखित ठेगाना
जिल्ला...................गा.पा..........................वडा नं...............ना.प्रं.प.नं. .......
जारी जिल्ला................................जारी मिति........................................
जन्ममिति.............................सम्पर्क नं. ..........................................
स्थायी ठेगाना र नागरिकता उल्लेखित ठेगाना फरक भएमा
(बसाईसराईको विवरण उल्लेख गर्ने)
बसाई सराई प्रमाण पत्र नं. ........................
बसाई सराई मिति...........................

लाभग्राहीको फोटो

फोटो

सम्झौता पत्रमा हस्ताक्षर गर्ने अधिकार/मञ्जुरी प्राप्त व्यक्तिको विवरण
(लाभग्राही उपस्थित हुन नसकेको अवस्थामा निजको प्रतिनिधि)

संरक्षक/अधिकार/मञ्जुरी प्राप्त व्यक्तिको नाम, थर.................................

स्थायी ठेगाना
जिल्ला.............................     गा.पा. ...............................
वडा नं. ...........................     गाउँ/टोल..........................
ना.प्र.प.नं. .........................     जारी जिल्ला.....................
जारी मिति............................     जन्म मिति.......................

बाजेको नाम, थर...............................................................
बाबुको नाम, थर...............................................................
लाभग्राहीसंगको नाता........................................................
सम्पर्क नं. ....................................................................

| | |
|---|---|
| लाभग्राही/संरक्षक/अधिकार प्राप्त व्यक्तिको औंठाको छाप<br>दायाँ बाँया<br><br>लाभग्राही/संरक्षक/अधिकार प्राप्त व्यक्तिको हस्ताक्षर........................<br>मितिः....................................... | |
| (ख) बैंक खाता विवरण (तोकिएको बैंकमा खाता खोलेकोमा विवरण उल्लेख गर्ने)<br>बैंक खाता नं. ...........................................<br>खातावालाको नाम, थर......................................<br>बैंकको नाम............................................<br>शाखा............................................. | |
| (ग) घर निर्माण हुने जग्गाको विवरण<br>कित्ता नं. ................क्षेत्रफल...............................वर्गमिटर.....................<br>ठेगानाः जिल्ला.............................गा.वि.स. ........................... | |
| (घ) इच्छाइएको व्यक्तिको नाम, थर........................................................<br>लाभग्राहीसंगको नाता......................................................................... | |
| (ङ) साक्षीको नाम, थर.........................................................................<br>हस्ताक्षर............................................................................... | |
| दोस्रो पक्ष (....................................................<br>गाउँ कार्यपालिकाको कर्यालय | कार्यालयको छाप |
| कार्यालयको नाम, ठेगाना........................................<br>अधिकार प्राप्त कर्मचारीको नाम...............................<br>पदः.................................................................<br>हस्ताक्षर...........................................................<br>मिति.............................................................. | |

आवश्यक कागजातहरु

१. लाभग्राहीको नागरिकताको प्रमाण पत्रको प्रतिलिपी

२. जग्गाधनीको दर्ता प्रमाण पूर्जाको प्रतिलिपी

३. लाभग्राहीको पासपोर्ट साइजको फोटो ।

अनुसूची ३

प्राविधिक प्रतिवेदन

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू
...............................गाउँपालिका कार्यालय ।

विषयः प्राविधिक प्रतिवेदन पेश गरेको बारे ।

उपरोक्त सम्बन्धमा देहायको विवरणहरु सहित प्राविधिक प्रतिवेदन पशे गरेको छु ।

लाभग्राहीको नामः

लाभग्राहीको क्रमसंख्याः

लाभग्राहीको सम्झौताको क्रमसंख्याः

(जुन अवस्था हो सो मा रेजा (✓) लगाउने)

हालको अवस्था : सामान साइटमा उपलब्ध भएको (दोस्रो किस्ताको लागि)
कार्य सम्पन्न (कार्य सम्पन्नको हकमा) ।

सिफारिसः संलग्न फोटो बमोजिम कार्य भएकोले
अनुदानको दोस्रो किस्ता उपलब्ध गराउन सिफारिस गर्दछु ।
निर्माण सम्पन्न भएको व्यहोरा सिफारिस गर्दछु ।

.नोटः प्रगतिको अवस्था देखिने गरी हालको फोटो प्रतिवेदनसँग संलग्न गर्ने ।)

प्रतिवेदकको :.........................................

दस्तखतः.............................................

नाम, थरः.............................................

पदः..........................................

मितिः..........................................

आज्ञाले
हिरी बहादुर खत्री
प्रमुख प्रशासकीय अधिकृत